गण्डकी प्रदेश सरकार

# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा, नेपाल

**प.सं.** २०८२/०८३ मितिः २०८२/०८/०७

**च.नं.**

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !

प्रथम् पटक प्रकाशित मितिः २०८२/०८/०७

यस मन्त्रालयका आ.व. २०८२/०८३ स्वीकृत वार्षिक कार्यक्रमहरूमध्ये तपसिल बमोजिमका कार्यक्रमहरूलाई **"सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र मातहतका कार्यालयहरूबाट सञ्चालन हुने शिक्षा, भाषा, संस्कृति र पुरातत्व संरक्षण सम्बन्धी वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२"** अनुसार कार्यान्वयन गर्नुपर्ने भएकाले मिति २०८२/०८/२८ गते भित्र उल्लेखित कागजात सहितको प्रस्ताव यस मन्त्रालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

...........................
उप सचिव

तपसिलः

| क्र.सं. | कार्यक्रमको नाम | प्रस्ताव पेश गर्न पाउने संस्था | प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरू |
|---|---|---|---|
| १. | स्थानीय तह तथा सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री साक्षरता कार्यक्रम निरन्तरता | गण्डकी प्रदेश अन्तरगतका सामुदायिक सिकाइ केन्द्रहरू | १. **अनुसूची-७** बमोजिमको ढाँचामा प्रस्ताव पत्र<br>२. वार्षिक कार्ययोजना एवं साक्षरता कार्यक्रम सञ्चालनको कार्ययोजना<br>३. वार्षिक प्रगति प्रतिवेदन<br>४. नवसाक्षरहरूको नामावली विवरण<br>५. क्षेत्रगत रूपमा कार्यक्रम सञ्चालन गरेको भएमा सोको विवरण खुल्ने कागजातहरू<br>६. व्यवस्थापन समिति गठन र बैठक निरन्तरता खुल्ने कागजातहरू<br>७. स्थानीय स्रोतको परिचालन गर्ने गरेको भएमा सो सम्बन्धी कागजातहरू<br>८. विभिन्न निकायसँग समन्वय र बैठक पुस्तिकाको फोटोकपी<br>९. पेशागत समूह गठन / आयआर्जन समूह गठन र परिचालन सम्बन्धी विवरण<br>१०. साधारण सभाको नियमितता र नवीकरण सम्बन्धी कागजातहरू<br>११. आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदनको फोटोकपी<br>१२. सामुदायिक पुस्तकालयको स्थापना र प्रयोगको अवस्था झल्कने फोटोहरू<br>१३. सामुदायिक सिकाइ केन्द्रको प्रोफाइल<br>१४. कक्षा सञ्चालनको स्थान निर्धारणका लागि सम्बन्धित स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखाको अधिकृत, |

| | | | |
|---|---|---|---|
| | गण्डकी प्रदेश सरकार सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय पोखरा, नेपाल | | सामुदायिक सिकाइ केन्द्रको केन्द्र व्यवस्थापन समितिको अध्यक्ष र परिचालकको बैठकबाट गरेको निर्णयको प्रतिलिपि<br>१५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र । |
| २. | विशेष विद्यालय/ स्रोतकक्षा सञ्चालन भएका विद्यालयहरूको व्यवस्थापन सुधार | विशेष विद्यालयहरू, स्रोतकक्षा सञ्चालन भएका विद्यालयहरू र अनौपचारिक शिक्षाको अवसर नपाएका बालबालिका, युवा तथा प्रौढहरूको लागि सञ्चालित विद्यालयहरू । | १. **अनुसूची-१०** बमोजिमको ढाँचामा प्रस्ताव पत्र<br>२. कार्यक्रम कार्यान्वयन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय<br>३. प्रस्ताव गरिएको कार्यक्रमका लागि अन्य निकायबाट बजेट दोहोरो नपरेको भन्ने विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि<br>४. कार्यक्रमका लागि स्थानीय तहको सिफारिस<br>५. शैक्षिक सत्र २०८२ को प्रमाणित विद्यार्थी विवरण<br>६. आ.व. २०८१/०८२ को कर चुक्ता वा लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि । |
| ३. | गण्डकी प्रदेशका संग्रहालयहरूलाई प्रोत्साहन अनुदान | प्रचलित कानुन बमोजिम दर्ता भई गण्डकी प्रदेश भित्र सञ्चालनमा रहेका सामुदायिक तथा सार्वजनिक संग्रहालयहरू | १. **अनुसूची-१२** बमोजिमको ढाँचामा प्रस्ताव पत्र<br>२. कार्यक्रम माग सम्बन्धी संग्रहालय व्यवस्थापन समितिको निर्णय<br>३. प्रस्ताव गरिएको कार्यक्रमका लागि अन्य निकायबाट बजेट दोहोरो नपरेको भन्ने संग्रहालय व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि<br>४. संस्था दर्ता र नवीकरणको प्रमाणित प्रतिलिपि<br>५. कार्यक्रमका लागि सम्बन्धित स्थानीय तहको सिफारिस<br>६. स्थानीय तह, संघ/संस्था वा कुनै निकायहरूसँग साझेदारी हुने भएमा सोको प्रतिवद्धता ।<br>७. आ.व. २०८१/०८२ को कर चुक्ता वा लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि । |
| ४. | सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूलाई स्तरोन्नतिका लागि अनुदान (E-Learning समेत) | प्रचलित कानुन बमोजिम दर्ता भएका सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरू । | १. **अनुसूची-१४** बमोजिमको ढाँचामा प्रस्ताव पत्र<br>२. संस्था दर्ता, पुस्तकालय व्यवस्थापन समितिको कार्यक्रम माग सम्बन्धी निर्णयको प्रमाणित प्रतिलिपि<br>३. कार्यक्रममा दोहोरो बजेट नपरेको सम्बन्धमा व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि<br>४. **अनुसूची-१५** बमोजिमको ढाँचामा पुस्तकालयको तथ्याङ्क विवरण भरेको फाराम<br>५. लागत अनुमान र कार्ययोजना ।<br>६. पुस्तकालय व्यवस्थापन समितिका निर्णयहरू<br>७. सम्बन्धित स्थानीय तहको सिफारिस<br>८. आ.व. २०८१/०८२ को कर चुक्ता वा लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि । |

**पुनश्चः**

माथि उल्लेखित कार्यक्रम सम्बन्धी प्रस्ताव पत्रको ढाँचा/अनुसूचीहरू, प्रस्ताव मूल्याङ्कनका आधारहरू र सम्बन्धित कार्यक्रम बारे विस्तृत जानकारी आवश्यक परेमा यस मन्त्रालयको Website: https://mosd.gandaki.gov.np/ मा

उप सचिव

राखिएको "**<u>सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र मातहतका कार्यालयहरूबाट सञ्चालन हुने शिक्षा, भाषा, संस्कृति र पुरातत्व संरक्षण सम्बन्धी वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२</u>**" बाट प्राप्त गर्न सकिने छ । रित नपुगी आएका निवेदन(प्रस्ताव पत्र) हरूलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

**<u>थप जानकारी आवश्यक परेमाः</u>**

अधिकृत हिरा बहादुर थापामगर (मो.नं. ९८४७६६९२९०)
पुरातत्व अधिकृत मुना सुवेदी (मो.नं.९८४६२३८३०७)
} उच्चशिक्षा तथा संस्कृति महाशाखा ।

उप सचिव

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल